# प्रतिस्पर्धासम्बन्धी नीति तथा कानून: एक सिंहावलोकन

**वस्तु वा सेवाको उत्पादन, आपूर्ति लगायतका व्यापारिक कारोबारमा हुने अस्वस्थ तथा अप्रतिस्पर्धी व्यवहारमा नियन्त्रण गरिनु पर्छ भन्ने अवधारणा अनुसार विश्वका झण्डै एकशय मुलुकमा प्रतिस्पर्धासम्बन्धी कानून निर्माण भइसकेको छ भने तीन दर्जनभन्दा बढी मुलुकमा यो कानून विकास हुने क्रममा छ। उदार अर्थ व्यवस्थाको अवलम्बन तथा विश्व व्यापार संगठनमा प्रवेश गरिसकेको परिप्रेक्ष्यमा नेपालले पनि आफ्नो वस्तु तथा सेवालाई प्रतिस्पर्धात्मक बनाई विश्व बजारमा प्रतिस्पर्धामा उत्रन सक्ने बनाउनु पर्ने हुन्छ। त्यसैले नेपालमा प्रतिस्पर्धासम्बन्धी कानून आवश्यक भइसकेको र त्यसको स्वरुप, प्रकृति र क्षेत्रको विषयमा बौद्धिक व्यक्तिहरूबीच बहस शुरू भइसकेको छ। यस परिप्रेक्ष्यमा हाल प्रचलनमा रहेका प्रतिस्पर्धासंग सम्बद्ध अन्य कानून तथा नीतिहरूको बारेमा पनि छलफल आवश्यक भएकोले यस जानकारी पत्रमा तिनै विषयवस्तुमा प्रकाश पारिएको छ।**

व्यापारिक उत्पादनका प्रत्येक वस्तु तथा सेवालाई उपभोक्ताको बजारमा प्रवेश गराउने र त्यस्ता वस्तु तथा सेवाको मूल्य तथा गुणस्तरको परीक्षण र मूल्याङ्कन स्वयं उपभोक्ताबाट गर्ने गराउने स्वचालित संयन्त्र र प्रणाली नै प्रतिस्पर्धा हो। यस्तो संयन्त्र र प्रणालीले उत्पादनका प्रत्येक वस्तु तथा सेवालाई बजारमा प्रवेश गराई उत्पादन तथा उत्पादक सबैको अस्तित्व पहिचानदेखि लिएर लोकप्रियताको उच्च शिखरमा पुऱ्याउने क्षमता अभिवृद्धि गराउन सहयोग पुऱ्याउँछ। बजारमा आएका प्रत्येक वस्तु वा सेवा र त्यसको उत्पादकको हैसियत निर्धारण गर्ने अधिकार उपभोक्तामा निहित रहन्छ। उपभोक्ताकै आधारमा कुनै वस्तु वा सेवाको उत्पादन र त्यसको उत्पादकको हैसियत प्रभुत्वशाली देखि लिएर राम्रो, सामान्य र कम निर्धारण हुन्छ। यसैले वस्तु वा सेवाको उत्पादन र व्यापारको क्षेत्रमा उपभोक्ता नै सार्वभौम शक्ति हुन् र यो नै प्रतिस्पर्धाको आधारभूत मान्यता पनि हो।

## प्रतिस्पर्धासम्बन्धी कानूनको अवधारणा र विकास

नेपाल अधिराज्यको संविधान, २०४७ ले देशको उपलब्ध स्रोत र साधनलाई सीमित व्यक्तिहरूमा केन्द्रित हुन नदिई सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धिको न्यायोचित वितरणको व्यवस्था मिलाई कुनै पनि व्यक्ति वा वर्ग उपर आर्थिक शोषण हुन नपाउने व्यवस्था गर्ने, स्वदेशी निजी एवं सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र एवं आत्मनिर्भर गराउने लगायत राष्ट्रिय विकासको लागि स्वदेशी लगानीको प्रवर्द्धन गर्दै देशमा वैदेशिक पूँजी र प्रविधिलाई आकर्षित गर्ने नीति र सिद्धान्तलाई अंगिकार गरी स्वच्छ प्रतिस्पर्धालाई प्रवर्द्धन गर्न चाहेमा कार्य गर्न सक्ने प्रशस्त ठाउँ दिएको छ। यसको साथै नेपालको कानूनी इतिहासलाई पल्टाएर हेर्ने हो भने प्रतिस्पर्धासम्बन्धी विशेष ऐन नभएतापनि प्रतिस्पर्धा प्रवर्द्धनमा सहयोगी हुन सक्ने कानूनको निर्माण र विकास भने भएको देखिन्छ।

वि.सं. १९९२ श्रावण १० गते जारी भएको इस्तिहारले नेपालभर मुलुक वा त्यसको कुनै ईलाकाको निमित्त स्वदेशी वा विदेशी फर्मले उत्पादन गरेको मालवस्तुको एजेन्सी लिने व्यक्तिको काम कारवाईमा नियमन तथा नियन्त्रण गर्ने उद्देश्य राखेको देखिन्छ भने वि.सं.२०१४ मा जारी भएको नेपाल एजेन्सी ऐनले विदेशबाट नेपाल अधिराज्यमा मालवस्तु झिकाई बिक्री गर्ने प्रत्येक रजिष्टर्ड एजेन्टले निर्यात भई आएको, बिक्री भएको तथा मौज्दातमा रहेको चीजवस्तु र त्यसको दर भाउको फाँटवारी बुझाउनु पर्ने प्रावधानले जम्माखोरी तथा कृतिम अभाव जस्ता क्रियाकलापमा नियन्त्रण गर्ने उद्देश्य राखेको बुझिन्छ। त्यस्तै उद्योग तथा व्यापार

अंक ५, २०६१

जानकारी पत्र

BRIEFING PAPER

SAWTEE
SOUTH ASIA WATCH ON TRADE, ECONOMICS & ENVIRONMENT
पो.ब.नं. १९३६६
२५४ लाम्टाङ्गीन मार्ग
बालुवाटार, काठमाडौं, नेपाल
फोन: ९७७-१-४४१५८२४, ४४४४४३८
फ्याक्स्: ९७७-१-४४४५७०
ईमेल: sawtee@sawtee.org
वेब: www.sawtee.org

**कोष्ठकः १**

## अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा कानूनको सफल कार्यान्वयन

पश्चिम यूरोपको समृद्ध मुलुकहरूले आफ्नो सेवा तथा वस्तुको व्यापार तथा बजार केवल आफ्नो मुलुकमा मात्र सीमित नराखी यूरोपियन युनियनको सम्पूर्ण सदस्य राष्ट्रको उत्पादन तथा रोजगार बजारलाई एकल बजार बनाउन सफलता प्राप्त गर्नुको पछाडी मूख्यत: प्रतिस्पर्धा कानूनको सफल कार्यान्वयन हो। युनियनको कुनै पनि सदस्य राष्ट्रले उत्पादन गरेको वस्तु वा सेवा सबै सदस्य राष्ट्रमा खुला रहने, एक मुलुकको उत्पादनलाई अर्को मुलुकमा प्रवेशमा कर दस्तुर महसूल लगायत अन्य कुनै पनि बाधा अडचन खडा गर्न नपाँइने गरी सदस्य राष्ट्र बीचको व्यापार व्यवसायलाई प्रतिस्पर्धी बनाइएको छ। युनियनले बनाएको प्रतिस्पर्धी कानून सबै सदस्य राष्ट्र र ती राष्ट्रका व्यापारिक तथा व्यावसायीक संस्थालाई Horizontal and Vertical रुपमा लागू हुन्छ। युनियनको यसै सफलताबाट नै विश्वका अन्य क्षेत्रीय संगठनहरू यस प्रणाली प्रति आकर्षित भई North American Free Trade Area, Central and East European Free Trade Area र हाम्रो क्षेत्रमा South Asia Free Trade Agreement जस्ता संगठनको अवधारणा शुरु भएका छन्। खास भन्ने हो भने विश्व व्यापार संगठनको लक्ष्य पनि सम्पूर्ण विश्व बजारलाई प्रतिस्पर्धाको माध्यमबाट एउटै बजारको रुपमा विकसित गर्ने नै हो।

व्यवसायमा नियमन गर्ने अवधारणाबाट क्रमश: वि.सं. २००८ र २००९ मा जारी भएको कालो बजार ऐन र नेपाल खाद्यान्न सञ्चय निवारण ऐन तथा व्यापारिक मालवस्तुको आयात निर्यातमा ईजाजत लिनु पर्ने गरी एकाधिकारको अन्त्य गर्ने प्रयास स्वरुप जारी भएको निकासी पैठारी नियन्त्रण ऐन, २०१३ तथा आवश्यक सेवा सञ्चालन ऐन, २०१४ लगायत अन्य नेपालका कतिपय ऐनहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रतिस्पर्धासंग सरोकार राख्ने प्रावधानहरूलाई समावेश गरेको पाइन्छ। यसमध्ये केहि प्रावधानहरूलाई तल संक्षेपमा चर्चा गरिएको छ:

**अत्यावश्यक पदार्थको उत्पादन, वितरण वा व्यापारमा नियमितता**: समाजको दैनिक चलन, व्यवहार र आहारको लागि चाहिने खाद्यान्न, मालसामानको वितरण, बिक्री र व्यापारमा समय समयमा आवश्यकता अनुसार नियन्त्रण गर्ने अधिकारको व्यवस्था गर्न बनेको आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ ले कुनै आवश्यक पदार्थको वितरण बढाउन, कायम राख्न वा समान वितरण गराउन वा सुपथ मोलमा प्राप्त गराउन तथा उत्पादन, वितरण वा व्यापारमा नियमित गर्न आवश्यक आदेश जारी गर्नसक्ने प्रावधान भएबाट ऐनको मुख्य उद्देश्य उत्पादन तथा व्यापार व्यवसायमा हुने अस्वस्थ्य प्रतिस्पर्धालाई नियन्त्रण गर्नु रहेको देखिन्छ।

**खाद्यपदार्थको स्तर उचित राख्नु पर्ने:** खाद्य पदार्थमा अवाञ्छनीय मिसावट रोक्न, त्यसमा रहेको स्वाभाविक कुनै गुण वा उपयोगिता घटाउन वा झिक्न नपाउने गर्न तथा खाद्यपदार्थको उचित स्तर बनाउनु पर्ने जिम्मेवारी र दायित्व खाद्य ऐन, २०२३ ले उत्पादक तथा व्यापार व्यवसायीलाई प्रदान गरेबाट उपभोक्ताको हित संरक्षणको साथै उत्पादक तथा व्यवसायी बीच स्वस्थ्य प्रतिस्पर्धा कायम गर्नमा सहयोग पुग्न जाने देखिन्छ।

**मेट्रिक पद्दतीमा आधारित नाप र तौलको प्रचलन:** नेपाल अधिराज्यभरी मेट्रिक पद्दतीमा आधारित नाप र तौलको स्टाण्डर्ड कायम गरी प्रचलनमा ल्याउने व्यवस्था गर्न बनेको स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ ले परम्परागत अवैज्ञानिक नाप तौलको माध्यमबाट उपभोक्ता उपर हुने शोषणको अन्त्य गरी अस्वस्थ प्रतिस्पर्धाको अन्त्य गराउने समेतको सोचाई रहेको पाइन्छ।

**अनुचित नाफा खाई नाजायज फाइदा उठाउन नहुने:** नपुग नाप तौल प्रयोग गरी ठगेमा र कुनै मालसामान बिक्री गर्दा अनुचित नाफा खाई नाजायज फाइदा उठाई उपभोक्ता उपर हुन सक्ने शोषणलाई स्थानीय प्रशासन ऐन, २०२८ ले कसूरको रुपमा परिभाषित गरेकोले अस्वस्थ प्रतिस्पर्धाको माध्यमबाट व्यापार व्यवसायमा अनुचित लाभ गर्ने कुरालाई निषेध गरेको छ।

कालो बजार तथा नाफाखोरीजस्ता क्रियाकलापमा प्रतिवन्ध: कालो बजार, नाफाखोरी, जम्माखोरी, मिसावट तथा झुक्याई बिक्रि वितरण जस्ता उत्पादन तथा व्यापार व्यवसायमा हुने अस्वस्थ प्रतिस्पर्धाका क्रियाकलापलाई नियन्त्रण गर्न तत्कालीन अवस्थामा जारी भएको कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ एउटा महत्वपूर्ण आयामको रुपमा मान्नु पर्छ। मूल्य निर्धारण भएको वस्तुमा निर्धारित मूल्यभन्दा बढी मूल्य लिने, कोटा प्रणाली अन्तर्गतका मालवस्तु खरिद बिक्रि गर्ने कुपन वापत नै कमिसन लिने तथा मनोरञ्जन वा यातायात सेवाको लागि लाग्ने शुल्क वा भाडा दस्तुर भन्दा बढी मोल लिई बिक्री गर्ने जस्ता क्रियाकलापलाई यस ऐनले कालोबजार कसूरको रुपमा परिभाषा गरेको छ। गैरकानूनी व्यापारिक क्रियाकलापलाई नियन्त्रण गरी स्वच्छ प्रतिस्पर्धा कायम गराउने दिशामा यो ऐनलाई महत्वपूर्ण मानिन्छ।

**जनसुरक्षित, असरयुक्त र गुणस्तरयुक्त औषधि:** औषधि जनसुरक्षित, असरयुक्त र गुणस्तरयुक्त हुनु पर्ने, औषधिको प्रभाव शुन्य हुने, घटी हुने वा बदलिने वा हानिकारक हुने गरी मिसावट गर्न वा त्यस्तो मिसावट भएको हो भन्ने जानी जानी बिक्री गर्न नहुने र ऐनको बर्खीलाप कसैले कार्य गरेमा सजाय गरिनुको साथै त्यसबाट पर्ने हानी नोक्सानी वापत क्षतिपूर्ति समेत तिर्नु पर्ने औषधि ऐन, २०३५ ले व्यवस्था गरेको छ। यसको साथै औषधिको प्रयोग, उपयोगिता वा प्रभावकारीताको सम्बन्धमा झुट्टा वा भ्रमात्मक प्रचार वा विज्ञापन गर्न नहुने,

म्याद नाघेको औषधि विक्री वितरण गर्न नहुने जस्ता महत्वपूर्ण कानूनी प्रावधान सहित बनेको औषधि ऐन, २०३५ उपभोक्ता हकहित सँगसँगै प्रतिस्पर्धा कानूनको निर्माण र विकासको क्रममा एउटा महत्वपूर्ण खुड्किलो पार गरेको मान्नु पर्छ ।

गुणस्तर प्रमाण चिन्हको प्रयोग: नेपाल गुणस्तर प्रमाण चिन्ह ऐन, २०३७ ले मूलत: कुनै पदार्थको गुणस्तर निर्धारण गर्न र त्यस्तो पदार्थमा गुणस्तरको प्रमाण चिन्ह प्रयोग गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गरेको पाइन्छ । गुणस्तर प्रमाण चिन्हको प्रयोगले माल, वस्तु वा सेवाको स्तरियता झल्काउने हुँदा उत्पादक, निर्माता, वितरक वा सेवाप्रदायकले आफ्नो प्रतिस्पर्धीभन्दा स्तरिय माल, वस्तु वा सेवाको उत्पादन गरी उपभोक्तालाई आकर्षित गर्नेतर्फ यो ऐनले प्रेरित गरेको देखिन्छ । यो ऐनको प्रावधानले प्रतिस्पर्धात्मक वातावरणको सिर्जना गरी उपभोक्ताको हक हित संरक्षण तथा स्वच्छ प्रतिस्पर्धालाई बढावा दिन महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

यसरी उद्योग तथा व्यापार व्यवसायमा नियमन गर्ने उद्देश्यले बनेका विविध प्रकारका कानूनमा प्रतिस्पर्धात्मक सिद्वान्तको अवधारणा केही हदसम्म रहेको भएतापनि बजारमुखी अर्थ व्यवस्थाको आधुनिक सोच अनुसारको प्रतिस्पर्धात्मक अवधारणाको कानून भने बनेका छैनन् ।

## बजारमुखी अर्थव्यवस्था र संरचनात्मक सुधारका प्रयास

विश्वव्यापीरुपमा चलेको उदारिकरण तथा बजारमुखी अर्थ व्यवस्थाको प्रभावबाट नेपाल पनि मुक्त हुन सकेन । उत्पादन तथा सेवाको क्षेत्रमा सरकारको हस्तक्षेपलाई बजारमुखी अर्थ व्यवस्थाको माध्यमबाट क्रमश: न्यून गराई निजीक्षेत्रको सहभागितामा वृद्धि गरिएबाट निजीक्षेत्रमा स्वस्फुर्त रुपमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि हुन गएको विकसित राष्ट्रको आर्थिक इतिहासलाई मध्यनजर गरी सन् १९८० को दशकको मध्यतिर नेपालमा पनि संरचनात्मक सुधार कार्यक्रमको थालनी भयो । जसअन्तर्गत सेवा क्षेत्रमा निजीक्षेत्र आकर्षित हुन सक्ने संभावना भएका क्षेत्रमा सरकारी लगानी क्रमश: हटाउँदै लैजाने रणनीति अवलम्बन गरी बैङ्किङ क्षेत्रबाट यसको शुरुआत गरी निजीक्षेत्रमा बैङ्क स्थापना गर्ने अनुमति प्रदान गरियो ।

**निजीकरण**: निजीक्षेत्रबाट उत्पादन गर्न तथा सेवा पुऱ्याउन नसकेको क्षेत्रमा सरकारले नै त्यस्तो माल, वस्तु वा सेवा उत्पादन गरी जनतामा पुऱ्याउनु सरकारको जिम्मेवारी हो । तर निजीक्षेत्रबाट नै उत्पादन वा सेवा पुऱ्याउन सक्ने क्षमताको विकास भइसकेका विषयमा सरकारले निजीक्षेत्रसँग प्रतिस्पर्धा गर्नु पर्ने होइन सरकारले त केवल निजीक्षेत्रलाई आवश्यक सहयोग सम्म उपलब्ध गराउने हो भन्ने मान्यताको विकास भयो । यीनै मान्यता अनुसार सरकारी स्वामित्वमा तथा व्यवस्थापनमा राख्न आवश्यक नपर्ने संस्थानहरूलाई निजीकरण गर्दै प्रतिस्पर्धात्मक वातावरणमा निजीक्षेत्रको प्रवर्द्धन गरी मुलुकको अर्थतन्त्रलाई सबल, गतिशील एवं प्रतिस्पर्धी बनाउने उद्देश्यले

**कोष्ठक: २**

### प्रतिस्पर्धा कानूनको मूलभूत मान्यताहरू

- एकाधिकारमा निषेध
- एकलौटी कारोबार गर्न निषेध
- बजार सीमित गर्न निषेध
- बन्धनयुक्त बिक्रीमा निषेध
- विलय र प्राप्तिमा नियमन तथा निषेध
- भ्रमपूर्ण विज्ञापनमा निषेध
- बोलपत्रको अनियमित्तामा निषेध
- वस्तु र सेवाको गुणस्तर र मूल्य प्रतिस्पर्धाको आधारमा उत्पादकले प्राप्त गरेको प्रभुत्वशाली हैसियतको दुरुपयोग गर्न रोक लगाउने

निजीकरण ऐन, २०५० जारी भयो । सार्वजनिक संस्थानको व्यावसायीक दक्षतामा वृद्धि, उत्पादित वस्तु र सेवामा सुधार, मूल्यनिर्धारण प्रक्रियामा परिवर्तन, आर्थिक अनियमितता र चुहावटमा नियन्त्रण, संस्थानको क्षमता र आकार बजारमुखी तथा बजार अनुकूल बनाउने जस्ता उपायहरूको अवलम्वन गर्ने क्रममा सरकारी स्वामित्व भएका संस्थानको निजीकरण गर्दै लैजाने नीति र योजना बमोजिम केही कामहरू भएका छन् । चालू दशौं योजनाको अन्त्य सम्ममा पनि केही सार्वजनिक संस्थान निजीकरण गर्ने लक्ष्य राखिएको छ ।

**उपभोक्ता सजगता:** एकाधिकार एवं अनुचित व्यापारिक कृयाकलापद्वारा मूल्य वृद्धि हुन सक्ने अवस्थालाई रोक्ने र वस्तु वा सेवाको बिक्री वितरण, निकासी, पैठारी र संचय सम्बन्धी व्यवस्था गर्ने समेतको उद्देश्य लिई बनेको उपभोक्ता संरक्षण ऐन, २०५४ ले अनुचित व्यापारिक क्रियाकलापको परिभाषा गरेको छ । ऐनले माग आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पर्ने गरी उपभोग्य वस्तुको लागि चाहिने कच्चा पदार्थको कोटा निर्धारण गर्ने, कुनै उपभोग्य वस्तुको उत्पादन घटाउने, उपभोग्य वस्तु वा सेवा संचित गरी कृतिम अभाव खडा गर्ने, निर्धारित समय वा स्थानमा मात्र त्यस्तो वस्तु वा सेवा बिक्री वितरण गर्ने जस्ता कार्यहरूलाई कसूरको रुपमा परिभाषा गरेको छ भने यथासम्भव प्रतिस्पर्धात्मक मूल्यमा उपभोग्य वस्तु तथा सेवाको छनौट गर्न पाउने अवसरमा विस्वस्त हुने अधिकार उपभोक्तालाई प्रदान गरेको छ ।

**सरकारी तथा सार्वजनिक खरिद र निर्माण कार्यमा प्रतिस्पर्धा:** सरकारी खरिद तथा सार्वजनिक कार्य (श्री ५ को सरकार तथा श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको तर्फबाट सम्पन्न गरिने जुनसुकै प्रकारको निर्माण कार्य) को लागि आपसमा मिली वा आर्थिक प्रलोभन दिई वा प्रतिस्पर्धीलाई बल प्रयोग गरी प्रतिस्पर्धाबाट वञ्चित गराई कृतिम प्रतिस्पर्धा हुने गरी बोलपत्र दिएमा त्यस विरुद्द

**कोष्ठक: ३**

## प्रतिस्पर्धा नीति र कानूनको उद्देश्य

- व्यापार व्यवसायमा प्रत्येकलाई समान व्यवहारको सुरक्षामा निश्चिन्तता प्रदान गर्ने,
- राष्ट्रिय अर्थतन्त्रलाई सन्तुलित रुपमा खुला र उदार नीति तर्फ डोऱ्याउने,
- उपलब्ध स्रोत र साधनको न्यायचित बाँडफाँडको व्यवस्थापन गरी त्यसको अधिकतम उपयोग गर्ने संरचनाको विकास गराउने,
- आर्थिक संरचनालाई मजबुत तथा बढी प्रतिस्पर्धी बनाउने,
- उद्योग तथा वाणिज्य क्षेत्रमा स्वतन्त्र बजारको विकास, विस्तार तथा प्रबर्द्धन गराउने,
- आर्थिक विकासका प्रयासलाई उच्चतम रुपमा प्रभावकारी बनाउने,
- उपभोक्ताको हक हित संरक्षणार्थ कम मूल्यमा गुणस्तरयुक्त माल वस्तु तथा सेवा उपलब्ध गराउने,
- सर्वसाधारणको आर्थिक हित र उन्नतीको लागि आवश्यक सहयोग पुऱ्याउने ।

उजूरी गर्न सकिने र प्रमाणित भएमा त्यस्ता बोलपत्रदाताको बोलपत्र रद्द गरी, धरौट जफत गरी बोलपत्र दाता फर्म वा कम्पनीको नाम कालो सूचीमा राख्न सकिने व्यवस्था भएको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ ले सरकारी खरिद र बोलपत्र सम्बन्धी कार्यमा एकाधिकारलाई निरुत्साहित गरी पारदर्शितापूर्ण व्यवहार अपनाउनु पर्ने सम्बन्धमा विविध व्यवस्था गरेको पाइन्छ ।

## प्रतिस्पर्धा र दशौं योजनाको अवधारणा

एक सुसंस्कृत, आधुनिक एवं प्रतिस्पर्धात्मक क्षमतायुक्त समाजको सिर्जना गर्नु दीर्घकालीन विकासको मूल उद्देश्य रहेको परि-प्रेक्ष्यमा उपलब्ध स्रोत र साधनको प्रभावकारी परिचालन, विनियोजन र उपयोगद्वारा उच्च तथा दिगो आर्थिक वृद्धिदर हासिल गरी उदार, बजारोन्मुख व्यवस्थालाई बढावा दिने, आर्थिक सामाजिक र संस्थागत विकासका लागि अनुकूल परिवेश तयार गर्न नीतिगत र कानूनी सुधारलाई समुचित रुपमा अघि बढाउने तर्फ संरचनात्मक सुधार गर्ने दशौं योजनाको अवधारणा रहेको छ । कृषि, पर्यटन, उद्योग, वाणिज्य, यातायात, विद्युत, सञ्चार, सूचना प्रविधि, हवाई सेवाको साथै निजीक्षेत्र आकर्षित हुने देखिएका सेवाको अन्य क्षेत्रमा निजीक्षेत्रको भूमिकालाई अझै पभावकारी बनाईने दशौं योजनाको सोच देहाय बमोजिमका विषयमा केन्द्रीत रहेको पाईन्छ:

- लगानी एवम् उत्पादन वृद्धि गरी देशको आर्थिक विकासमा निजीक्षेत्रको भूमिका प्रवल बनाउने,
- उत्पादन व्यवस्था विकास मार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्ने,
- वस्तुहरूको गुणस्तर अभिवृद्धिको अनुगमनमा क्रियाशील हुने,
- लगानीकर्ता र श्रमिक बिच सुमधुर सम्बन्ध विकास गर्ने वातावरणको विकास गर्ने,
- लगानी प्रवर्द्धन कार्यक्रमलाई प्रतिस्पर्धी बनाउन यससम्बन्धी प्रक्रियालाई सहज, सरल र पारदर्शी बनाउने,
- सरकारी स्वामित्वमा तथा व्यवस्थापनमा राख्न आवश्यक नदेखिएका संस्थालाई निजीकरण गर्दै प्रतिस्पर्धात्मक वातावरणमा उतार्ने,
- उपभोक्ता हितलाई ध्यानमा राखी व्यावसायीक मूल्य र मान्यतामा पारदर्शी प्रक्रिया अपनाउने ।

प्रतिस्पर्धालाई दशौं योजनाले उच्च प्राथमिकतामा राखेको भएतापनि यसलाई अगाडी प्रवर्द्धन गर्ने सम्बन्धमा आवश्यक पर्ने नीति तथा कानूनहरूको तर्जूमा गर्ने कुरामा भने योजनाले ध्यान दिएको देखिँदैन ।

## सेवा शुल्क तथा मूल्य निर्धारण प्रणाली

मूल्य निर्धारण प्रतिस्पर्धाको महत्वपूर्ण पक्ष हो । प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिले राज्यद्वारा निर्देशित एकाधिकार मूल्यभन्दा कम मूल्यमा वस्तु तथा सेवा उपलब्ध गराउन सक्ने संभावनालाई स्वीकार गरी मूल्य निर्धारणलाई प्रतिस्पर्धामा छाडिनु उपयुक्त हुन्छ । प्रतिस्पर्धात्मक वातावरण सुनिश्चित गर्ने तर्फ नीतिगत र कानूनी संरचनामा सुधार गरिनु आवश्यक छ । अर्कोतर्फ मूल्य वृद्धि एक निश्चित सीमाभित्र कायम राख्न सकेमा लगानीको लागि उचित वातावरण बन्दछ । सेवा शुल्क तथा मूल्य निर्धारण सम्बन्धमा विद्यमान कानूनी व्यवस्थालाई अध्ययन गर्दा मूलत: यसमा सरकारी बाहुल्यता रहेको पाइन्छ *(हेर्नुहोस्: कोष्ठक ४)* ।

## सेवाका विभिन्न क्षेत्रमा निजीक्षेत्रको प्रवेश र प्रतिस्पर्धाको अवस्था

कृषि, पर्यटन, उद्योग, वाणिज्य, बैङ्क, बीमा, यातायात विद्युत, सञ्चार, सूचना प्रविधि, हवाई सेवाको साथै निजीक्षेत्र आकर्षित हुने देखिएका सेवाका क्षेत्रमा उनीहरूको भूमिकालाई प्रतिस्पर्धी बनाइने भनी अवलम्बन गरिएको सोच अनुसार देहायका क्षेत्रमा केही काम भएका छन् ।

**जलविद्युत:** जलविद्युत सेवामा निजीक्षेत्रको प्रवेश पश्चात ११५ मेगावाट जलविद्युत निजीक्षेत्रबाट उत्पादन भएको छ । १० किलोवाट सम्म उत्पादित जलविद्युत व्यापारिक दृष्टिले बजारमा नगण्य हुने भएतापनि नेपाल विद्युत प्राधिकरण तथा निजीक्षेत्र बीच भएको विद्युत खरिद सम्झौताको तथ्याङ्क हेर्दा जलविद्युत

उत्पादन तर्फ निजीक्षेत्र आकर्षित भएको मान्नु पर्छ। निजीक्षेत्रबाट उत्पादित विद्युत उत्पादन राष्ट्रिय ग्रिडमा समावेश गर्नु पर्ने र उत्पादन अनुमतिपत्र प्राप्त गर्न विद्युत शक्ति खरिद सम्झौता हुनु पर्ने पूर्वशत रहेको परिप्रेक्ष्यमा विद्युत वितरण र प्रसारण गर्ने प्रभुत्वशाली हैसियत प्राप्त सरकारी संस्था नेपाल विद्युत प्राधिकरणसँग नै विद्युत खरिद सम्झौता गर्नु पर्ने बाध्यताले निजीक्षेत्रबाट उत्पादित विद्युत शक्ति उत्पादक आफैले बजारमा लैजाने प्रणालीको विकास नभई सकेकोले विद्यमान अवस्थामा विद्युत सेवा शुल्कमा प्रतिस्पर्धा कायम हुन सकेको छैन।

**दूरसंचार**: नेपाल अधिराज्यभित्र र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत जनसाधारणलाई दूरसञ्चार क्षेत्रका आधारभूत सेवा सरल, सुलभ रुपमा विकास तथा सञ्चालनमा निजीक्षेत्रलाई संलग्न गराउने राष्ट्रिय संचार नीति, २०४९ ले दूरसञ्चार सेवा सञ्चालनमा नेपाल दूरसञ्चार संस्थानको एकाधिकारको अन्त्य गर्‍यो। सेवा प्रदायक बीच स्वच्छ प्रतिस्पर्धाको आधारमा उचित मूल्यमा छिटो छरितो र गुणस्तरयुक्त दूरसञ्चार सेवा उपलब्ध गराउने उद्देश्यले कानूनी तथा संरचनात्मक पूर्वाधारको विकास भयो। सेवा शुल्क लगायतका विविध विषयमा उपभोक्तालाई पर्न जाने समस्या तथा उनीहरूको हक हितसँग सम्बन्धित विषयमा सेवा प्रदायक, उपभोक्ता तथा श्री ५ को सरकार बिच सम्पर्क तथा समन्वय कायम गर्ने जिम्मेवारी नेपाल दूर सञ्चार प्राधिकरणललाई प्रदान गरियो। प्राधिकरणको सिफारिशमा श्री ५ को सरकारले विभिन्न १६ वटा अतिरिक्त दूरसञ्चार सेवाहरू (VALUE ADDED SERVICE) राजपत्रमा सूचना प्रकाशन गरी सर्वसाधारणको लागि खुला गरिसकेको छ। अन्य दूरसञ्चारका सेवाहरू सञ्चालनको अनुमति प्रदान गर्दा त्यसको संख्या, सेवाको किसिम, आवश्यक पूँजी, प्राविधिक क्षमता, पेशागत दक्षता जस्ता आधारभूत योग्यताहरू खुलाई सार्वजनिक आव्हान गरी प्राप्त आर्थिक तथा प्राविधिक प्रतिवेदन लगायतका अन्य शर्तहरूको आधारमा उपयुक्त ठहरिएको व्यक्तिलाई सेवा सञ्चालन गर्ने अनुमतिपत्र दिनु पर्ने गरी प्रतिस्पर्धाको सिद्दान्त अपनाएको पाइन्छ (प्राधिकरणले जारी गरेको दूरसञ्चार सेवा अनुमतिपत्रको स्थितिको लागि हेर्नुहोस् तालिका नं. १)।

**हवाई सेवा**: आन्तरिक र अन्तर्राष्ट्रिय विमान सेवा सञ्चालन गर्न निजीक्षेत्रलाई प्रोत्साहन गर्ने, हवाई सेवामा स्वस्थ प्रतिस्पर्धा ल्याई सेवाको स्तर वृद्धि गर्ने, स्वदेशी विदेशी एवम् संयुक्त लगानीमा आन्तरिक तथा वाह्य विमान सेवाहरू विस्तार एवं सञ्चालन गर्न प्रोत्साहन गर्ने, विमानस्थल तथा विमानस्थलसँग सम्बन्धित सेवाहरूको सञ्चालनमा निजीक्षेत्रलाई प्रोत्साहन गर्ने जस्ता नीति लिई २०४८ सालमा जारी भएको खुला हवाई नीतिको कार्यान्वयनको परिणाम स्वरुप आज नेपालमा यस क्षेत्रमा ३२ वटा वायुसेवा सञ्चालन प्रमाणपत्र जारी भइसकेको छ। जसमध्ये १९ वटा हाल कायम रहेको र ती मध्ये १६ वटा वायुसेवाले सेड्युल र ननसेड्युल उडान भर्ने गरेका छन्।

हवाई सेवामा प्रतिस्पर्धाको कारणले यात्रुले आफूले चाहेको वायुसेवाको उपभोग गर्ने अवसर प्राप्त गरेको भएतापनि कम्पनीहरूको भाडादरमा खासै अन्तर भने नभएकोले आर्थिक रुपमा कुनै राहत पुग्न सकेको छैन। तथापी, कस्मिक एयरले एक सय पाँच सिटको फोकर १०० जहाज ल्याएपछि नाटकीय ढङ्गबाट आन्तरिक र अन्तर्राष्ट्रिय दुवै क्षेत्रका आकाश मार्गमा हवाई भाडाको मूल्यमा प्रतिस्पर्धा शुरु भएको छ। जसको कारणबाट उपभोक्ताले न्यून रुपमा भएपनि प्रतिस्पर्धाको सकारात्मक लक्षणलाई अनुभव गर्ने अवसर प्राप्त गरेका छन्। हुनत नेपाली आकाशमा भएको यो मूल्ययुद्ध दिगो हुन नसक्ने, हाल घटाईएको भाडा दर प्रतिस्पर्धाको आधारमा नभई प्रवर्द्धनात्मक उद्देश्यले मात्र भएको हो र आकर्षणका लागि मात्र घटाईएको हुँदा यस्तो भाडा दरले दीर्घकालीन रुपमा फाईदा पुर्‍याउन सक्दैन भन्ने प्रतिक्रिया पनि विज्ञ तथा यस क्षेत्रमा संग्लग्न अन्य केही विमान सेवा सञ्चालकहरूबाट आएका छन्। उनीहरूको विचारमा अहिलेको यो रणनीति साना विमान कम्पनीहरूले धान्नै नसक्ने भाडादर कायम गरी उनीहरूको अस्तित्व सङ्कटमा पुर्‍याई बन्दै गराउने र आफ्नो आधिपत्य कायम भएपछि भाडादर वृद्धि गर्ने हो भन्ने पनि छ। जे होस् केहि सीमित स्थानमा र केहि समयको लागि मात्र भएपनि उपभोक्तालाई मूल्यमा राहत भने पुगेको छ। यसमा सकारात्मक सोच राखी प्रत्येक वायुसेवा कम्पनीले आफ्नो लागतको आधारमा मुनाफा निर्धारण गरी पारदर्शी रुपमा सेवा शुल्क निर्धारण गर्ने संस्कारको विकास गर्न सके र त्यसलाई सम्बन्धित निकायबाट प्रभावकारी अनुगमन हुन सके यस क्षेत्रमा स्वच्छ प्रतिस्पर्धा कायम हुन सक्ने कुरामा आशावादी हुन सकिन्छ।

**स्वास्थ्य सेवा**: स्वास्थ्य सेवा तर्फ निजीक्षेत्रबाट भएका प्रयासलाई सन्तोषजनक मान्नुपर्छ। काठमाडौं उपत्यकामा मात्र १०० भन्दा बढी अत्याधुनिक सुविधायुक्त निजी अस्पताल तथा नर्सिङ अस्पताल सञ्चालनमा आएका छन् भने तराई तथा पहाडी जिल्लाको सदरमुकाममा पनि संख्यात्मक दृष्टिले निजी अस्पताल तथा नर्सिङ होमको संख्या बढ्ने क्रम जारी छ। यद्यपी त्यस्ता अस्पतालमा उपलब्ध गराइने सेवाको गुणस्तर परीक्षण र त्यहाँ लिइने सेवा शुल्कःको दर अनुगमन गर्ने निकाय र त्यसमा कुनै पारदर्शीता नरहेको परिप्रेक्ष्यमा उपभोक्ताको हक हितको दृष्टिले निजी अस्पताल तथा नर्सिङबाट उपलब्ध गराइने सेवाको गुणस्तर र सेवा शुल्कमा खासै प्रतिस्पर्धा रहेको पाइँदैन।

बैङ्क, वित्तीय तथा बिमा सेवा: उदारीकरणको पहिलो कदम स्वरुप बैङ्क तथा वित्तीय सेवामा निजीक्षेत्रलाई प्रवेश गराइयो।हाल नेपालमा विकास बैङ्क बाहेक झण्डै डेढ दर्जनको संख्यामा वाणिज्य बैङ्क तथा विमा कम्पनी, सयौंको संख्यामा फाइनान्स कम्पनी र हजारौंको संख्यामा सहकारी संस्था यस क्षेत्रमा संलग्न रहेका छन् भने विदेशी मुद्राको कारोबार गर्ने मनी एक्सचेन्जर पनि पर्याप्त मात्रामा स्थापना भएका छन्। जसले गर्दा यो क्षेत्रमा संख्यात्मक रुपमा प्रतिस्पर्धात्मक भएको छ तथापि यिनीहरू बीचको प्रत्यक्ष अप्रत्यक्ष गठबन्धन तथा नियमनकारी निकाय नेपाल राष्ट्र बैङ्कको फितलो अनुगमनको कारण प्रशस्त मात्रामा विसङ्ती देखा परेका छन्। नेपाल राष्ट्र बैङ्कलाई सशक्त बनाउन कानूनले पर्याप्त अधिकार प्रदान गरेको भएतापनि बैङ्क तथा वित्तिय संस्थामा पूर्ण प्रतिस्पर्धाको स्थिति भने आउन सकेको

कोष्ठक: ४

## सेवा शुल्क तथा वस्तुको मूल्य निर्धारण गर्ने विद्यमान कानूनी व्यवस्था

- दुरसञ्चार सेवा उपलब्ध गराउनेले अनुमतिपत्र प्राप्त गरी ग्राहकसँग लिने सेवाशुल्क दर दुरसञ्चार प्राधिकरणबाट स्वीकृत गराइएको हुनुपर्ने,
- श्री ५ को सरकारको पूर्व स्वीकृति लिएर यात्रु सवारी भाडा र अरु निर्धारित दस्तुर असूल गर्ने,
- हवाई सेवा सञ्चालनमा लाग्ने यात्रु तथा मालसामान ढुवानीको भाडा दस्तुर निर्धारण गर्ने सम्बन्धमा श्री ५ को सरकारलाई सुझाव दिने,
- यात्रीबाहक तथा मालबाहक सार्वजनिक सवारीले लिने भाडा दर तोकिए बमोजिम हुनेछ,
- विद्यार्थीलाई लाग्ने शुल्क नियमद्वारा व्यवस्था गरिनेछ
- स्वास्थ्य संस्थाले अङ्ग प्रत्यारोपण गर्दा अङ्ग ग्रहण गर्ने व्यक्तिबाट लिने लागत खर्च तथा सेवा शुल्कको दर समितिबाट स्वीकृत गराउनु पर्नेछ,
- विभागले आवश्यक देखेमा श्री ५ को सरकारको स्वीकृति लिई कुनै औषधिको मूल्य तोक्न सक्नेछ,
- विद्युत महसूल र अन्य दस्तुर निर्धारण श्री ५ को सरकारद्वारा गठित महसूल निर्धारण आयोगले गर्नेछ,
- अनुमतिपत्रबाहकले आफूले विकास गरेको जलस्रोतको सेवा उपयोग गर्ने उपभोक्तासँग सेवाशुल्क असूल गर्नेछ,
- श्री ५ को सरकारले विकास गरेको जलस्रोतको उपयोगको सेवा शुल्क तोकिए बमोजिम निर्धारण गरिनेछ,
- माल र वस्तुको मूल्य निर्धारण नभएकोमा सामान्यतया सयकडा बीस प्रतिशतभन्दा बढी मुनाफा लिन नपाउने।

छैन। गत केही समय अघि श्री ५ को सरकारले जारी गरेको ऋणपत्र खरिदमा वाणिज्य बैङ्कहरूले देखाएको कार्टेलिङलाई एक उदाहरणको रुपमा लिन सकिन्छ।

## नीति तथा कानूनको कार्यान्वयनमा देखा परेका कमी कमजोरी

आर्थिक उदारीकरणको नीति अनुसार सरकारी हस्तक्षेपलाई क्रमश: कम गरी निजीक्षेत्रलाई प्रोत्साहित गर्ने नीतिलाई अवलम्बन गरी सेवा र व्यापार व्यवसायमा निजीक्षेत्रलाई प्रवेश गराउने उद्देश्यले तद्नुकूलको कानूनको निर्माण तथा विकास गरिए। निजीक्षेत्रको प्रवेश पश्चात् सेवा प्रदायकहरूका बीच स्वच्छ प्रतिस्पर्धा बढ्न गई गुणस्तर तथा सेवाको आधारमा प्रतिस्पर्धी रुपमा मूल्य निर्धारण हुने र उपभोक्ताले राहत पाउने अपेक्षा गरिएको थियो। तर त्यसको ठीक विपरित सम्बद्ध व्यापारिक संस्थाले औपचारिक तथा अनौपचारिक रुपमा वस्तु वा सेवाको मूल्य निर्धारण गरी कार्टेलिङ गर्ने, उत्पादन वा सेवा घटाउने जस्ता परम्पराको विकास हुन पुग्यो जसले सेवा प्रदायकको सेवाको गुणस्तर अभिवृद्धि र मूल्य निर्धारण गर्ने प्रतिस्पर्धात्मक क्षमतालाई नै कमजोर बनायो।

एकातर्फ प्रतिस्पर्धा तथा उपभोक्ताको हीत संरक्षणका लागि भनेर बनेका विविध नीति तथा कानून आफैमा द्विविधापूर्ण, विरोधाभाष र अस्पष्ट हुन पुगे भने अर्कोतर्फ स्वस्थ प्रतिस्पर्धाको वातावरण सिर्जना गराउनको लागि आवश्यक पर्ने कानूनी तथा संरचनात्मक पूर्वाधारको विकास हुन नसकेकोले पनि यसमा अपेक्षित परिणाम देखा पर्न सकेन। यसको साथै विद्यमान कानूनको कार्यान्वयनको अधिकारको सम्बन्धमा अध्ययन गर्दा कार्यान्वयन गर्ने अधिकारीहरू बीच क्षेत्राधिकार सम्वन्धमा विवाद खडा भई कुनै विषयमा दोहरोपना रहेको र कुनै विषयमा एकले अर्कोलाई जिम्मेवारी पन्छाउने प्रवृतिले पनि कार्यान्वयन पक्ष ज्यादै फितलो बन्न पुगेको छ। नीति तथा कानूनको कार्यान्वयनमा देखा परेका कुराहरूको चर्चा गर्दा निम्न कुराहरूलाई पनि कार्यान्वयनमा अडचनको रुपमा रहेको देखिन्छ:

- श्री ५ को सरकार तथा श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको खरिद तथा निर्माण कार्यमा गैर प्रतिस्पर्धी कार्य गर्नेका विरुद्द उजूरी गर्न सकिने र प्रमाणित भएमा त्यस्तालाई कारबाई गरी त्यस्तो बोलपत्रदाताको बोलपत्र रद्द र धरौट जफत गरी त्यस्ता व्यक्ति, बोलपत्रदाता फर्म वा कम्पनीको नाम कालो सूचीमा राख्न सकिने आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को व्यवस्था व्यवहारमा उत्रन सकेको छैनन्। विगत केही वर्ष यता भ्रष्टाचार निवारण गर्ने क्रममा अख्तियार दुरुपयोग निवारण आयोगले देखाएको तदारुकताले खरिद तथा निर्माण कार्यमा पारदर्शीताको औपचारिकता देखाइएतापनि व्यवहारमा वास्तविक रुपमा प्रतिस्पर्धा कायम हुन सकेको छैन।
- दूर सञ्चार, सूचना प्रविधि, कुरियर, हवाई, यातायात, शिक्षा, स्वास्थ्य, पर्यटन, जलस्रोतको क्षेत्रमा सेवा प्रदायकले उपलब्ध गराउने सेवाको मूल्य निर्धारणमा सेवा प्रदायकले आफ्नो उत्पादन वा सेवाको गुणस्तर लागत तथा मुनाफा पारदर्शी रुपमा प्रस्तुत गर्नु पर्ने कानूनी संरचनाको विकास हुन सकेको छैन।
- सरकार मातहतका औद्योगिक तथा व्यापारिक प्रतिष्ठानलाई अनुदान प्रदान गर्ने व्यवस्था स्वच्छ प्रतिस्पर्धाको लागि बाधक हो। सरकारी स्वामित्व र निजीक्षेत्रका औद्योगिक एंव व्यापारिक प्रतिष्ठानमा श्री ५ को सरकारले कुनै किसिमको भेदभावपूर्ण नीति अपनाउनु हुँदैन। औद्योगिक र व्यापारीक प्रतिष्ठानलाई राज्यद्वारा प्रदान गरिने अनुदान सहयोगमा दीर्घकालीन सोच राख्नु पर्छ। विगतमा अनुदानको फाईदा लक्षित वर्गको उपभोक्ताले पाउन नसकी अधिकांश मध्यम तथा उच्च आयवर्गले लिएको देखिन्छ। श्री ५ को सरकारले सरकारी स्वामित्वको व्यापारिक संगठन नेशनल ट्रेडिङलाई समय समयमा चिनी लगायत कतिपय दैनिक उपभोग्य मालवस्तुमा भंसार दरमा छुट सहित निर्यातमा

तालिका: १

## प्राधिकरणले जारी गरेको दूरसञ्चार सेवा अनुमतिपत्रको स्थिति

| क्र.सं | अनुमतिपत्र तथा सेवाको किसिम | जारी अनुमति पत्र संख्या | कैफियत |
|---|---|---|---|
| १ | सेलुलरमोवाईल सेवा | १ | नेपाल टेलिकमलाई दिइएको बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराई निजी क्षेत्रको अर्को कुनै संस्थालाई अनुमतिपत्र दिने प्रक्रिया शुरु भएको |
| २ | भिस्याटनेटवर्क प्रदायक | ८ | व्यवसायीक रुपमा यो सेवा सञ्चालन भएपछि नेपाल टेलीकमको लिजसर्किट सेवाको एकाधिकारको अन्त्य भई अन्य कम्पनी र ग्राहकलाई सुविधा पुग्ने |
| ३ | भिस्याट सेवा | ७० | व्यवसायिक रुपमा नभई आफ्नो प्रयोजनको लागि मात्र सञ्चालन गर्न पाउने प्रतिस्पर्धाको आधारमा नेटवर्क प्रदायक छनौट गर्न पाउने |
| ४ | प्रयोगकर्ता ईन्टरनेट ईमेल सेवा | २६ | प्रतिस्पर्धाको आधारमा सञ्चालन भएको यस सेवामा उपभोक्ताले गुणस्तर तथा शुल्कदरको आधारमा सेवाप्रदायक छनौट गर्ने अवसर प्राप्त गरेका छ। |
| ५ | रेडियो पेजिङ नेटवर्क सेवा | ८ | पाँच वटा संस्थालाई ८ वटा अनुमतिपत्र जारी भएको र प्रतिस्पर्धाको आधारमा सेवा उपलब्ध गराइएको छ। |
| ६ | भिडियो कन्फरेन्स सेवा | १ | विश्व बैङ्क काठमाडौं आवासीय कार्यालय |
| ७ | फ्याक्स मेल सेवा | ६ | व्यवसायिक रुपमा यो सेवा सञ्चालनबाट ग्राहकलाई प्रतिस्पर्धी सेवा उपलब्ध हुने |
| ८ | आधारभूत टेलिफोन सेवा | २ | नेपाल टेलिकम तथा युनाईटेड टेलिकम लिमिटेडलाई बोलपत्रको प्रक्रियाद्वारा निजी क्षेत्रमा प्रतिस्पर्धा गराई अनुमतिपत्र जारी गरिएको। यसले उपभोक्ताको सेवा र शुल्कमा प्रतिस्पर्धा देखाएको छ। |

एकाधिकार दिने सरकारी नीति स्वच्छ प्रतिस्पर्धा विपरित रहेका देखिन्छन्।

- चक्रप्रणालीमा सार्वजनिक यातायात सेवा सञ्चालन गर्न इजाजत नदिने कानूनी व्यवस्थालाई संशोधन गरी उपभोक्ता तथा यात्रीवर्गको हितको नाउँमा यातायात व्यवस्थापन समितिको स्वीकृतिबाट आलोपालो गरी यातायात सेवा सञ्चालन गर्न पाउने कुरा स्वच्छ प्रतिस्पर्धात्मक ढङ्गबाट यातायात व्यवसायको विकासको लागि एक अवरोधको रुपमा लिनु पर्छ।

- आयोडिनको कमीबाट जनस्वास्थ्यमा पर्न जाने व्यापक र गम्भीर असरलाई कम खर्चिलो र सरल तरिकाले निवारण र निर्मूल गर्न आयोडिनयुक्त नूनको समूचित मात्रामा उत्पादन, पैठारी, आपूर्ति, बिक्रि वितरण गर्ने उद्देश्यले बनेको आयोडिनयुक्त नून (उत्पादन तथा बिक्रि वितरण) ऐन, २०५५ हालसम्म लागू गरिएको छैन। अर्कोतर्फ निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग श्री ५ को सरकारले २०६४ साल आषाढ मसान्तसम्म (५ वर्ष सम्म) नेपाल अधिराज्य भित्र नूनको आपूर्ति गर्ने एकाधिकार साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडलाई प्रदान गरेको सूचना मिति २०५९/३/१८ को नेपाल राजपत्रमा प्रकाशन गरेको छ। सरकारी स्वामित्व प्राप्त साल्ट ट्रेडिङको एकाधिकारको अन्त्य गरी निजीक्षेत्रलाई नूनको व्यापारमा पहुँच दिने गरी जारी भएको ऐन कार्यान्वयनमा नल्याई पुन: उसैलाई एकाधिकार प्रदान गर्नु एउटा विडम्वना हो। प्रस्तुत ऐन कार्यान्वयन गर्ने जिम्मेवारी स्वास्थ्य मन्त्रालयलाई प्रदान गरिएको छ।

## निष्कर्ष

वस्तुको उत्पादन वा सेवासम्बन्धी व्यापारमा कुनै व्यापारिक संस्था वा समूहको एकाधिकार कायम गर्ने, वस्तु वा सेवाको आपूर्तिमा अवरोध खडा गर्ने, कृत्रिम अभाव खडा गर्ने, आपसमा मिली वस्तु वा सेवाको खरिद वा बिक्री मुल्य निर्धारण गर्ने जस्ता क्रियाकलापमा रोक लगाउनु प्रतिस्पर्धा कानूनको उद्देश्य हो। तर सबै अवस्थामा यस्ता निषेधात्मक कार्यहरू लागू हुन नसक्ने अवस्था रहन सक्दैनन्। मुलुकको आर्थिक तथा सामाजिक संरचना, भू-भौगोलिक अवस्था, यातायात तथा सञ्चारको अवस्था, नागरिकको औषत आम्दानी जस्ता विषयले प्रतिस्पर्धाको नीति निर्धारण गर्छ।

भौगोलिक विकटता, दुर्गम पहाड, यातायातको असुविधा जस्ता समस्या रहेको नेपालमा जनताका दैनिक उपभोगका न्यूनतम आधारभूत वस्तु तथा सेवा नागरिकलाई उपलब्ध गराउनु सरकारको प्राथमिकता मात्र नभई जिम्मेवारी पनि हो। व्यापारीक संस्था शहरमा मात्र केन्द्रित रहने हुँदा पहाडी क्षेत्रका जनताका दैनिक उपभोगका आधारभूत वस्तु तथा सेवा पुर्‍याउन श्री ५ को सरकारले अपवादको रुपमा विशेषाधिकार प्रयोग गरी प्रतिस्पर्धा सम्बन्धी कानूनका प्रावधान निश्चित अवस्थामा आंशिक वा

पूर्ण रुपमा लागू नहुने गरी छुट दिन सक्ने विशेषाधिकार रहनु आवश्यक छ। अन्यथा स्वस्थ्य प्रतिस्पर्धाको नाउँमा व्यापारिक वस्तुको उत्पादन सेवाको बिक्रि वितरण तथा आपूर्तिमा सङ्कट आउन सक्ने संभावना रहन्छ। यीनै कुराहरूलाई विचार गरेर नै प्रतिस्पर्धा कानून कुन क्षेत्रमा के कसरी लागू गर्ने पर्ने हो त्यसको क्षेत्र निर्धारण हुनु आवश्यक छ। यसका लागि निम्नलिखित कुराहरूलाई मननयोग्य ठानी सुझावको रुपमा प्रस्तुत गरिएको छ:

- सेवा तथा उत्पादनको व्यापार व्यवसायमा व्यावसायीक तथा उपभोक्ताको हित संरक्षणार्थ प्रतिस्पर्धात्मक कानूनको विकास र यसको प्रयोग विकसित मुलुकमा सफल मानिएको छ। प्रतिस्पर्धात्मक कानूनले नै वृहत बजारको स्वरुप निर्धारण गरी त्यसलाई स्वस्फुर्त रुपमा अगाडी बढाउने संयन्त्रको रुपमा काम गर्दछ।

- नेपालले विश्व व्यापार संगठनमा प्रवेश गरिसकेको अवस्थामा उद्योग व्यापार र व्यवसायीहरूले केवल अल्प विकसित राष्ट्रले पाउने सुविधा तर्फ मात्र आशावादी नभई आफूलाई विश्व बजारमा प्रवेश गराई प्रतिस्पर्धामा उत्रन मानसिक रुपमा तयार मात्र नभई त्यसको क्षमता अभिवृद्धि तर्फ लाग्न आवश्यक कानूनी तथा संरचनात्मक पूर्वाधार खडा गर्नुपर्ने आवश्यकता छ।

- विभिन्न समयमा विभिन्न उद्देश्यले बनेका प्रतिस्पर्धासँग सम्बद्ध कानूनहरू एकअर्कोसँग बाझिएको, दोहोरो बन्न गएको, विभिन्न निकाय तथा अधिकारीको अधिकारक्षेत्रमा विरोधाभाष हुन गएकोले कार्यान्वयन हुन सकेको छैन। ती कानूनहरूलाई खुला तथा उदार अर्थव्यवस्थाको सोच र अवधारणालाई समेत समेट्न सक्ने र प्रतिस्पर्धालाई प्रवर्द्धन गर्ने गरी प्रतिस्पर्धा सम्बन्धी अलग्गै कानूनको तत्काल तर्जूमा गरिनु आवश्यकता छ।

- नेपालको सन्दर्भमा प्रतिस्पर्धात्मक कानूनको निर्माण क्रममा उच्च महत्वकांक्षा नराखेता पनि बजारमुखी अर्थ व्यवस्थालाई सफल बनाउन आवश्यक कानूनी तथा संरचनात्मक पूर्वाधारको विकास गराउन सोसँग सम्बन्धित केही आधारभूत विषय जस्तो औद्योगिक वा व्यापारिक संस्थाले मिलेर सेवा वा वस्तुमा एकाधिकार कायम गर्ने, मूल्य निर्धारण गर्ने, उत्पादन वा सेवा घटाउने वा प्रतिस्पर्धामा बाधा पुग्न सक्ने गरी कुनै कारवाही गर्ने जस्ता कारवाहीमा पूर्ण प्रतिबन्ध लगाइनु आवश्यक छ।

- निजीक्षेत्रलाई सेवाको विविध क्षेत्रमा प्रवेश गराई सकेको अवस्थामा मूल्य निर्धारण गर्ने अधिकार पनि क्रमस उत्पादक वा सेवा प्रदायकलाई नै प्रदान गरिनु पर्ने र प्रत्येक उत्पादक वा सेवा प्रदायकले आफ्नो उत्पादन वा सेवाको लागत तथा गुणस्तर पारदर्शी रुपमा प्रस्तुत गरी त्यसमा निश्चित प्रतिशतको मुनाफा समावेश गरी मूल्य निर्धारण गर्नु पर्ने कानूनी तथा प्रशासकीय संरचनाको विकास गर्नु आवश्यक छ।

अन्त्यमा, प्रतिस्पर्धा कानूनको क्षेत्र वृहत छ। सेवा र वस्तुको उत्पादन र बिक्री वितरणमा अपनाइने प्रतिस्पर्धा प्रणालीले मुलुकको आर्थिक संरचनामा परिवर्तन ल्याउछ। यस परिवर्तनले मुलुकको आर्थिक विकासको सन्दर्भमा चुनौती र संभावना दुबैको ढोका खोल्छ। यस्तो वृहत विषयको कार्यान्वयन सरकारबाट मात्र संभव छैन। यस अभियानमा उद्योग व्यवसायी र व्यापारी समूदाय लगायत उपभोक्ता (आम नागरिकलले) सरकारलाई पूर्ण सहयोग उपलब्ध गराउनु पर्छ। सरकार, उद्योग व्यवसायी, व्यापारीक समूदाय तथा उपभोक्ता समेतको संयुक्त प्रयासबाट मात्र प्रतिस्पर्धा कानूनको कार्यान्वयनमा सफलता प्राप्त हुन सक्ने हुनाले सबै पक्षलाई समेट्ने स्वतन्त्र आयोगको अवधारणा सहितको कानूनी तथा प्रशासनिक संरचनाको निर्माण तथा विकास हुनु आवश्यक छ। त्यसमा थप सम्बद्ध व्यावसायीक संस्था लगायत राजनैतिक प्रतिबद्धताको पनि आवश्यक हुन्छ।

## सन्दर्भ सामग्री


- Mathijsen, PSRF. 1999. A Guide to European Union Law, Seventh Edition. London: Sweet & Maxwell.
- CUTS Centre for International Trade, Economics & Environment. 2003. Putting our Fears on the Table: Analyses of the proposals on Investment and Cmpetition Agreements at the WTO. Jaipur: CUTS-CITEE
- Adhikari, Ratnakar and Dhrubesh Chandra Regmi. 2001. Anti-Competitive Practices in Nepal. Discussion Paper. Jaipur and Kathmandu: CUTS and SAWTEE.
- HMG Water and Energy Commission. 2002. Water Resources Strategy Nepal. Kathmandu: HMG Water and Energy Commission Secretatiat.
- Nepal Telecommunication Authority. 2004. Nepal Telecommunication Authority: A Profile. Kathmandu: nepal Telecomminication Authority.
- Civil Aviation Report 2002-2003, Civil Aviation Authority of Nepal
- The Tenth Plan 2002-2007. Summary July 2003. Kathmandu: HMG National Planning Commission.
- Relevant Acts and Regulations.



**यो जानकारीपत्र साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोन्मेन्ट (सावती) का लागि बेलायती अन्तर्राष्ट्रिय विकास विभाग (डिएफआइडी) को सहयोगमा श्री रञ्जनकृष्ण अर्यालद्वारा तयार पारिएको हो। जानकारीपत्रमा टिप्पणीसहित अमूल्य सुझाव दिनुहुने अधिवक्ताद्वय ध्रुवेशचन्द्र रेग्मी तथा टिकाराम भट्टराईलाई संस्थाकातर्फबाट हार्दिक धन्यवाद ज्ञापन गरिन्छ। मुद्रकः मोडर्न प्रिन्टिङ प्रेस।**